# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १५ फागुन २०७९
# सोमवार
# बैठक सङ्ख्या- १०

राष्ट्रिय सभाको आजको बैठक सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:३१ बजे प्रारम्भ भयो ।

**(१२:३३ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्यालले समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नुभएको छ । म उहाँलाई समय उपलब्ध गराउँछु ।

**(१२:३३ बजे)** **माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्याल**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त मलाई राष्ट्रिय सभामा यो समय उपलब्ध गराउनुभएकोमा, केही भन्नको लागि समय उपलब्ध गराउनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु । मैले परराष्ट्र मन्त्रीको सपथ ग्रहण गरेको मङ्गलवार माघ ३ गते आज ठ्याक्कै ४२ दिन भएछ । अनि आफूले प्रतिनिधित्व गरेको सभामा आज पहिलोचोटि नै यहाँ आएर बोल्न पाउँदा असाध्यै गौरवान्वित महसुस गरेको छु । म यही परिवारबाट चैं मन्त्रिपरिषद्मा प्रतिनिधित्व गरिराखेको छु ।

आज मैले दुइटा कुरा अलिकति धारणाहरू यहाँहरूसँग सेयर गर्नुपर्ने जरुरी भ'को भएर समय मागेको थिएँ । पहिलो भनेको हिजोदेखि मिडियामा आइ नै रहेको छ । हिजो मैले दिउँसो पत्रकार सम्मेलन गरेर म चैं संयुक्त राष्ट्र सङ्घको मानव अधिकार परिषद्को बाउन्नौं सभामा भाग लिनको लागि जानुपर्ने थियो जेनेभा । त्यसमा जानुपर्ने थियो, जान सकिनँ । त्यो चैं निकै धेरै मिडिमा आइरहेको विषयवस्तु । यहाँहरूलाई प्रत्यक्ष रूपमा किन जान सकेनौं हामी? प्रधानमन्त्रीले नेतृत्व गर्ने सभामा नजानुको कारण के हो? भन्ने विषयमा म मन्त्री हैसियतले आफैले यहाँहरूलाई चैं जानकारी गराउनुपर्ने जरुरी ठानेकोले मैले यो कुरामा प्रवेश गर्न चाहें ।

संयुक्त राष्ट्र सङ्घको मानव अधिकार परिषद्मा हामी नेपाल एउटा सदस्य राष्ट्र हो । र संयुक्त राष्ट्र सङ्घमा मानव अधिकारको पक्षमा काम गर्ने थोरै देशहरूमध्ये नेपाल एउटा देश हो । नेपाललाई राम्रो मानिन्छ अन्तर्राष्ट्रिय ..... हिसाबमा । बाउन्नौं अन्तर्राष्ट्रिय सभा चैं भोलिदेखि नै भइरहेको छ । आज सुरुवात हुन्छ र भोलि हाम्रो नेपालको प्रस्तुति छ त्यसमा । त्यसमा भाग लिनको लागि प्रायजसो परराष्ट्र मन्त्रीको नेतृत्वमा जाने गर्छ नेपाली टोली । र जान पर्छ भनेर २०७९ फागुन ४ गते परारष्ट्र मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको हो । मन्त्रिपरिषद्मा प्रस्ताव लैजाँदाखेरि ४ सदस्यीय टोली बनाएर परराष्ट्र मन्त्रीको नेतृत्व भनेर ४ सदस्यीय टोलीको प्रस्ताव गएको हो । र सोही दिन निर्णय पनि भएको हो मन्त्रिपरिषद्बाट । मन्त्रिपरिषद्को निर्णयमा चैं प्रधानमन्त्रीज्यूको अनुरोधमा हामीले एउटा विज्ञ गोविन्दप्रसाद शर्मा कोइलाज्यू, उहाँ चैं पूर्वकानुन मन्त्री पनि हुनुहुन्छ । उहाँलाई पनि विज्ञ रूपमा राख्नु भनेर प्रधानमन्त्रीले भन्नुभएको भएर ४ जना को सट्टामा ५ जना टोली हामीले प्रस्तुत गर्यौं । र मन्त्रिपरिषद्बाट त्यो स्वीकृत पनि भएको हो । अनि त्यही प्रस्तावमा चैं फर्कंदाखेरि मानव अधिकार परिषद्को बैठकबाट फर्किंदाखेरि हामी अति कम विकसित मुलुकहरूको सम्मेलनमा भाग लिनको लागि कतार पनि हुँदै त्यसपछि बल्ल नेपाल फर्कने, मार्च ७ मा नेपाल फर्किने भन्ने खालको कार्यक्रम थियो । र त्यही कार्यक्रमअनुसार हामीले सबै तयारीहरू पनि गरिसकेका थियौं । मङ्गलवार चैं नेपालको तर्फबाट परराष्ट्र मन्त्रीकै सम्बोधन गर्ने कार्यक्रम पनि थियो ।

र योबिचमा थुप्रै साइड मिटिङहरू पनि हामीले अर्गनाइज गरेका थियौं । त्यहाँ विभिन्न देशका परराष्ट्र मन्त्रीहरूसँग पनि भेटघाट हुने मानव अधिकार परिषद्को ।

**(१२:३६ बजे)** (**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, मोबाइल धेरै बजेको छ । यसलाई साइलेन्ट, स्विच अफ गर्नुस्) ।

**माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्याल**:- मानव अधिकार परिषद्को अध्यक्षलाई पनि हामी भेट्ने र विभिन्न मानव अधिकारका हस्तीहरूलाई हामी भेट्ने । र नेपालका राम्रा

अभ्यासहरू हाम्रा के छन्? महिला अधिकारका कुरामा, यौनिक अल्पसङ्ख्यकहरूका विषयमा, हामीले गरेका नेपालमा अब मानव अधिकारका विषयहरूलाई हामीले कसरी मौलिक हकको स्वरूपमा प्रस्तुत गरेका छौं? कसरी हामीले कानुनहरू बनाएर मानव अधिकारका विषयहरूलाई संरक्षित गरेका छौं? त्यस्तै गरीकन ट्रान्जिसनल जस्टिस । त्यसमा सङ्क्रमणकालीन न्यायको सवालमा हामी के गरिराखेका छौं? यस्ता थुप्रै विषयहरू थिए । जसमा हामीले चैं प्रस्तुति पनि गर्ने, हाम्रो प्रतिबद्धता पनि दर्साउने भन्ने खालका कुराहरू थिए । राष्ट्रिय छवि र गरिमालाई बचाउँदै कसरी अन्तर्राष्ट्रिय प्रतिबद्धतामा हाम्रो एक्यबद्धता जनाउने भन्ने हाम्रो फोकस थियो । यसरी हामीले विभिन्न चरणको तयरीहरू गरिरहेका थियौं । तर अन्तिम समयमा गएर प्रधानमन्त्रीज्यूले चैं नजानु भनेर एड्भाइस गर्नुभएकोले म आफूले नेतृत्व गरेर जान सकिनँ । त्यो भएर चैं मेरो यो भ्रमण म आफू चैं फिर्ता भएँ । र त्यसपछि अरू टोली जानुभा'को छ । र अहिले मेलै सुन्नमा आएसम्म जोसलाई विज्ञ भनेर हामीले टोलीमा समाहित गरेका थियौं उहाँले चैं त्यो नेपालको टोलीको नेतृत्व गर्ने भन्ने खालको कुरा आएको छ । तर औपचारिक रूपमा यसको निर्णय भइसकेको मलाई थाहा छैन । र सल्लाहकारमा नियुक्त गरेर अख्तियारी दिने हो कि भन्ने कुरा पनि हामीले सुनेका छौं । तर यसको कानुनी हैसियत के हो? र कार्यकारीले नेतृत्व गर्ने सभामा सल्लाहकारले नेतृत्व गर्न मिल्छ कि मिल्दैन? अथवा विज्ञले नेतृत्व गर्न मिल्छ कि मिल्दैन? यस्ता केही कानुनी कुराहरू छन् जसलाई प्रष्ट पार्नुपर्ने जरुरी हुन्छ । र संसदमा मैले यसको ध्यानाकार्षण गराउनुपर्छ भनेर मैले यहाँहरूलाई यो विषय यहाँ प्रस्तुत गरें ।

अब यसको परिणाम के होला भन्नेमा थुप्रै छन् । त्यसमा मलाई चैं महत्त्वपूर्ण के हो भने हाम्रो अन्तर्राष्ट्रिय छवि । विशेष गरीकन मानव अधिकारको सवालमा नेपालले गरेको प्रतिबद्धता र नेपालले जे जति अहिलेसम्म प्रगति गरेको छ त्यसलाई बचाउनु अहिलेको सबैभन्दा ठुलो चुनौती हो । अहिले दुइटा कुरा अन्तर्राष्ट्रिय क्षेत्रले हामीलाई मानव अधिकारको विषयमा अरू राम्रा कुरा थुप्रै छन् तर दुइटा सवालमा हामीलाई बेला बेलामा प्रश्न उठाउँछ । एउटा सङ्क्रमणकालीन न्यायलाई कसरी हामीले भिक्टिम सेन्ट्रिक, पीडित मैत्री कसरी बनाएर टुङ्ग्यउँछौं? भन्ने एउटा सवाल हो । मानव अधिकारको सवालमा । र अर्को सवाल भनेको हाम्रो मानव अधिकार आयोग, राष्ट्रिय मानव अधिकार आयोगलाई कसरी सुदृढ बनाउँछौं? यसको अहिले हल्ला के पनि छ भने अब 'A' क्याटगोरीमा भएकोलाई 'B' क्याटगोरीमा लाने हो कि भन्ने पनि हल्ला छ । त्यो भएर चैं यसलाई कसरी हामीले चैं 'A' क्याटगोरीमै राखिरहन सक्छौं? यो दुइटा सवालहरू असाध्यै महत्त्वपूर्ण छ । र मेरो भिजिटमा यो दुइटा सवालमा चैं हामीले प्रगति गरिराखेका छौं भनेर प्रस्तुत गर्ने मेरो योजना थियो । यसलाई कसरी हामीले चैं यो विश्वसनीयता

र यो छविलाई कसरी जोगाउँछौं भन्ने एउटा चुनौती छ । र अब नेतृत्वको दिगोपना कसरी हुन्छ? भन्ने खालको कुरा पनि छ । अब यो जे भए पनि अब अहिलेको परिस्थितिले राजनीतिक परिस्थितिले गर्दाखेरि यहाँबाट नेतृत्व गरेर म जान नसके पनि यो अन्तर्राष्ट्रिय छवि, यो विश्वसनीयता हामीले गुमायौं भनेदेखि चैं नेपाललाई क्षति हुनेवाला छ । त्यो भएर हामी यो नहोस् भनेर म शुभकामना पनि आफैले आफैलाई प्राथना पनि गरिराखेको छु । र यहाँहरू सबैलाई यसको ध्यानाकर्षण पनि गराउन चाहन्छु ।

अब यो सँगसँगै हामीले LDC 5 मा दोहामा, कतारमा गएर LDC 5 मा हामी यसपालि अतिकम विकर्सित मुलुकहरूको सम्मेलनमा भाग लिने र त्यसको नेतृत्व गर्ने पालो हाम्रो आएको छ । प्रधानमन्त्रीज्यूको त्यता जाने कार्यक्रम थियो । त्यो रद्द भएको छ र उपप्रधानमन्त्रीज्यूको नेतृत्वमा जाने भन्ने कुरा भएको छ । परराष्ट्र मन्त्रीको हैसियतमा सायद म त्यहाँ जान पनि पाउँदिनँ होला । तर पनि त्यो कार्यक्रम चैं यथावत् नै छ । अहिलेसम्म औपचारिक रूपमा टुङ्गिएको छैन । यो मैले यहाँहरूलाई जानकारीको रूपमा, मैले चैं जानकारी दिनुपर्छ सार्वभौम संसदलाई भनेर यहाँहरूको जानकारीको लागि मैले यो प्रस्तुत गरें ।

अर्को चैं अब मैले अगिनै भने म चैं सपथ लिएको ४२ दिन भ'को रैछ । सो, परराष्ट्र मन्त्रालयमा ४२ दिनमा के गर्यो त? विमला गएर त्यहाँ के हुँदै छ? के गर्दै छ? भन्ने खालको विषयमा र केही नीतिगत कुराहरू जहाँ संसदले थाहा पाइराख्नुपर्छ । त्यो विषयमा छोटो रूपमा केही कुराहरू मैले राख्न चाहन्छु । पहिलो कुरा दुई वर्षअगाडि बनेको परराष्ट्र नीति । जुन चैं नीति बनेको थियो । कार्यान्वयन अलि अलि हुँदै गरेको तर पब्लिस नभइसकेको, नीतिलाई पब्लिस नगरिएको अवस्था थियो । अहिलेको वर्तमान भूराजनीतिक अवस्था, युक्रने र रसियाको युद्धका कुरा, कोरोनाको प्रकोप, जलवायु परिवर्तनका कुरा, इन्डो प्यासिफिक र गुगल सेक्युरिटी इनिसिएटिभ जस्ता विदेशीका रणनीतिहरू आएको यो परिवेक्षमा हाम्रो पुनरावलोकन हुनुपर्छ । हाम्रो नीति पुनरावलोकन हुनुपर्छ । यसलाई समय सापेक्ष बनाउनुपर्छ । र सबै राजनीतिक दलहरूले यसलाई चैं अपनत्व लिनुपर्छ भन्ने चैं एउटा मिसन थियो । र त्यो उद्देश्यअनुरूप नीति अनुसन्धान प्रतिष्ठानले अहिले हाम्रो नीतिलाई पुनरावलोकन गरिराखेको छ । एक महिनाभित्रमा यो नीतिलाई पब्लिस गर्ने भन्ने हाम्रो उद्देश्य हो । र त्यहीअनुसार हामी काम गरिराखेका छौं । त्यसमा तीन चारवटा कुराहरू खट्किएका छन् । जुन कुराहरू हामीले एकदम चनाखो भएर राख्नुपर्ने हुन्छ । त्यसमा एउटा भनेको हाम्रो क्षमताकै कुरा हो । विभिन्न कुरामा हाम्रा क्षमता र हाम्रो नीतिमा भएको प्रष्टता, नीतिमा भएको दिगोपनाको कुरालाई सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

अर्को मैले नजाने कुरा त्यहाँ गएर जानेको भनेको चैं मलाई लाग्थ्यो परराष्ट्र भनेको हाम्रो सार्वभौमसत्ताको संरक्षण गर्ने, हाम्रो सार्वभौमताको संरक्षण गर्ने र त्यसपछि राष्ट्रिय हितको प्रवर्धन गर्ने परराष्ट्र मन्त्रालयको काम हो जस्तो मलाई लाग्थ्यो । तर परराष्ट्रको काम चैं राहत उद्धार पनि रैछ । त्यो कुरा चैं त्यहीं गएर मैले महसुस गरें । यति धेरै राहत उद्धार गर्नुपर्ने रैछ हाम्रो विदेशमा भएका नेपालीहरूलाई । त्यो भएर त्यसको बारेमा हाम्रो नीति बोलिराख्या छैन । हामीले त्यो नीतिमा प्रष्ट रूपमा माइग्रेसन र यसले पारेको असर हामीले कसरी यसलाई सम्बोधन गर्ने भन्ने असर राख्नुपर्ने रैछ ।

त्यसपछि ट्र्याक टु डिप्लोमेसीका कुराहरू छन् । पब्लिक डिप्लोमेसी, यो जनतादेखि जनतासम्मको चैं कूटनीतिकका कुराहरू छन् । सुरक्षा निकायको भूमिकाका कुराहरू छन् । यस्ता कुराहरूमा चैं अब आउने परराष्ट्र नीतिमा हामीले चनाखो भएर हेर्नुपर्ने जरुरी छ । र त्यहीअनुसार हामीले पुनरावलोकन गर्दै छौं । एक महिनाभित्रमा पब्लिस गर्छु भनेर मेरो प्रतिबद्धता छ । र त्यसमा काम भइराखेको छ ।

दोस्रो महत्त्वपूर्ण कुरा मैले एकदमै मैले सपथ ग्रहण भएकै दिनदेखि दोहोर्याएको भनेको सेवा प्रवाह हो । परराष्ट्रले गर्ने सेवा प्रवाह तीन खालको हुँदो रहेछ । एउटा पासपोर्ट दिने । नेपालभित्र भएका नेपालीलाई, नेपालबाहिर भएका नेपालीलाई र विदेशीहरूलाई पनि सहजीकरण गर्ने । त्यो खालको एउटा पासपोर्टको सेवा रैछ । एउटा कन्सुलरको सेवा भयो ।

र तेस्रो मैले अगिनै भनें मैले नसोचेको त्यही गएर मात्रै देखेको भनेको चैं राहत उद्धारको कोअर्डिनेसन गर्ने । बहुत महत्त्वपूर्ण कुरा रैछ त्यो । कसैको कोही चैं अब लिगल डकुमेन्टबिना विदेश पुग्नुभा'को छ । आपत् परेको छ । कोही जेलमा हुनुहुन्छ, कोही हत्या अभियोगमा हुनुहुन्छ, कोही काम गर्दागर्दै बित्नुभा'को छ, बडी पठाउनुपर्ने छ, डकुमेन्टहरू छैन । थुप्रै राहत उद्धारका कामहरू चैं परराष्ट्र मन्त्रालयले गर्नुपर्ने रैछ । त्यो भएर यो तीनटा सेवामा हामीले काम गर्नुपर्ने देखियो । त्यसमा पासपोर्टमा केही सर्ट ट्रम ..... गरेर अहिले भइराखेको अप्ठ्यारोलाई कसरी चाहिँ सहज बनाउन सकिन्छ भनेर हामीले काम गर्यौं एकदम सजिलो तरिकाले । मेरो यो ४० दिनको, ४२ दिनको अवधि चैं छोटो छोटो, सानो सानो काम गरेर ठुलो प्रभाव पार्ने खालको विषयहरूमा केन्द्रित भएको छ । त्यसले गर्दाखेरि एकदमै त्यो फारम भर्ने अवधि, पासपोर्टको फारम भर्ने अवधि भोलिको लागि आज भर्ने कुरालाई एक महिनासम्मको त्यो विइन्डो खोल्दिनेबित्तिकै धेरै हदसम्म समस्या समाधान भइहाल्यो । त्यसरी हामीले चैं सानो सानो कुराहरू गरेर हसज सेवा पुर्याउनको लागि काम गर्यौं ।

त्यस्तै गरीकन पोर्चुगलमा भएका थुप्रै नेपालीहरूलाई पासपोर्ट नभएर एकदमै ठुलो आपत परेको कुराहरू आए । त्यसको लागि पनि हामीले एउटा मोबाइल टिम पठाउने निर्णय गर्यौं यहाँबाट र त त्यसपछि फ्रान्सबाट चाहिँ सेवा दिने र त्यहाँबाट मात्रै होइन पोर्चुगल वरिपरिका जुन सुकै देशबाट पनि उनीहरूले पासपोर्ट र कन्सुलर सेवा लिने भनेर नीतिगत निर्णय गर्‍यौं जसले गर्दा उहाँहरूलाई अहिले धेरै सहज भएको अवस्था पनि छ । त्यस्तै गरीकन हामीले अर्को सर्ट ट्रम नीतिगत निर्णय गर्यौं । कि अवैधानिक महावाणिज्य दूतहरूलाई परिचालन गरेर एउटा देशमा बस्नेहरूलाई नियोग नभएको देशबाट अर्को नियोग भएको देशमा जानको लागि पैसा, समय गरेर यो चाहिँ खालि बायोम्याट्रिस र फेसको त्यो फोटो खिच्नको लागि मात्रै ट्राभल गर्नुपर्ने अवस्था छ । त्यो अवस्थालाई नेपालीहरूले सारै दुःख पाएका छन् त्यतिको कारणले अर्को देशमा आफ्नो देशको पासपोर्ट बनाउन अर्को देशमा जानुपर्ने अनि त्यसको लागि भिस लिएर जानुपर्ने अवस्था छ । त्यसलाई कसरी अन्त्य गर्ने भनेर चाहिँ हामीले यो नीतिगत निर्णयमा अवैतानिक दूतहरूलाई परिचालन गरेर कम्तीमा त्यो मेसिन उपलब्ध गराएर अभिमुखीकरण गरेर यति यो बायोम्याट्रिस दिने र फोटो खिच्ने मात्रै काम गरिदियो भने अरू सबै कन्ट्रोल त पासपोर्ट डिपार्टमेन्टले गर्छ नियोगहरूले गर्छ । त्यति साना साना नीतिगत निर्णयले ठुलो प्रभाव पार्ने भएर त्यस्तो खालको निर्णय पनि हामीले गरेका छौं । र अब कार्यान्वयनमा जानको लागि हामीसँग क्षमताको आवश्यकता छ र क्षमताको लागि फेरि पनि मसिन उपकरणहरू किन्नुपर्ने सिस्टम स्ट्रेन्थेन गर्नुपर्ने त्यसको टेन्डर प्रक्रियामा हामी गएका छौं ।

अब राहत उद्धारको विषयमा हामीसँग ४० ओटा नियोगहरू हुनुहुन्छ संसारभरि । हाम्रा ४० ओटा नियोगबाट संसारभरि हामीले सेवा प्रवाह गरिरहेका छौं त्यहाँ ठुलो जुन जन गुनासो हाम्रा नियोगहरूको क्षमता हाम्रा नियोगहरूको नेतृत्वको प्रवृत्ति र व्यवहारसँग गाँसिएका छन् । यसलाई सुधार गर्नुपर्ने देखिन्छ । जनशक्ति र स्रोत बढाउनै पर्छ त्यसमा कुनै दुई मतै देखिँदिनँ मैले । तर त्यो सँगसँगै हाम्रो प्रवृत्ति र आचरण असाध्यै महत्त्वपूर्ण कुरा छ । यसमा केही एकदम मैले ४० ओटै देशको नियोगको प्रमुखहरूसँग भर्चुअल इन्टरयाक्सन गरें र इन्टरयाक्सन गरेर वहाँहरूलाई निर्देशन दिएको छु । राती १२ बजे १ बजे मलाई विदेशबाट फोन आउँछ । कस्तो दुःख लाग्दो तरिकाले फोन आउँछ अनि त्यहाँ नियोगमा फोनै उठ्दैन । अफिस हावरमा पनि फोन उठ्दैन । कति बेलै पनि फोन उठ्दैन । मलाई आपत पर्यो भनेर पब्लिकहरूले फोन गर्नुहुन्छ । यसलाई निक्र्योल गर्नको लागि साधारण कुरा अलिकति पैसा खर्च गर्ने तर २४ घन्टै फोन उठ्ने व्यवस्था त गरौं कम्तीमा नियोगमा भनेर त्यो चाहिँ हामीले सुधार गर्नुपर्छ भनेर त्यो निर्देशन दिएको छ ।

त्यस्तै गरीकन हामीले, अब पैसा तिर्नको लागि अहिलेको जमानामा पनि मानिसहरू चेकबाट, क्यासबाट पैसा तिर्नुपर्ने आवश्यकता छ । त्यसलाई अनलाइन गरौं सबैतिर भन्ने खालका साधरण साधरण कुरा गरेर पनि क्षमता अभिवृद्धि गर्ने कामहरू हामीले गरेका छौं । त्योअनुसारको निर्देशन हामीले दिएका छौं । तर अब कार्यान्वयन र सुनिश्चित कति हुन्छ भन्ने कुरो लिडरसिपको दिगोपना कति हुन्छ । त्यसमा भर पर्छ । त्यही भएर हाम्रोमा घरि घरि सरकार परिवर्तन भैरहने बाध्यताले गर्दा कतिपय यस्ता नीतिगत निर्णयहरू जुन अगाडि पनि भएका थिए । त्यसको फलोअप हुन सक्दैन कार्यान्वयन हुन सक्दैन । समस्या त्यहाँतिर छ । तर हामीले निर्देश गरेका छौं ।

द्विपक्षीय र बहुपक्षीय सम्बन्धमा हिसाबमा धेरै देशबाट यहाँहरूले पनि देखिराख्नुभ'को बारम्बार संसदमा प्रश्न उठेको पनि विषय हो यो । धेरै जसो यो मेरो ४० दिन, ४२ दिनको अवधिमा धेरै देशहरूबाट धेरै हाई लेभलको भिजिटहरू आउनुभा' छ । भिजिटरहरू आउनुभा'को छ जुन राम्रो कुरा हो । नेपाल सुन्दर छ हामी नेपालीहरूलाई सबैले माया पनि गर्नुहुन्छ । त्यो हिसाबले पनि हो । कति रणनीतिक र राजनीतिक उद्देश्यका भिजिटहरू पनि हुन्छन् । थुप्रै देशहरूबाट नयाँ एकदम हाई प्रोफाइलका डेलिगेट्सहरू आउनुभा'को हो । मेरो अनुभावमा कहिलेकाहीं नबोलाएका पाहुनाले समय र स्रोत मात्रै खर्च हुँदैन । राजनीतिक वातावरण पनि बिथोल्न काम गर्छ त्यो कुरा चैं मेरो अनुभवले देखाउँछ । र नेपालकै नियोग प्रमुखहरूको पनि हस्तक्षेपकारी भूमिका लागि कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने कुरा पनि अर्को चुनौती हो । यसलाई हामीले अब नीतिगत निर्णय के गर्यौं भनेदेखि मन्त्रिपरिषद्बाटै सरकारी निकायले चाहिँ विदेशी पाहुना र विदेशी नियोगका प्रमुखहरूलाई भेट्दाखेरि अनिवार्य रूपमा परराष्ट्र मन्त्रालयको उपस्थिति हुनुपर्छ । र परराष्ट्र मन्त्रालयबाट स्वीकृति पाएपछि मात्रै त्यस्ता भिजिटहरू गरिनुपर्छ भनेर मन्त्रिपरिषद्बाट निर्णय गरायौं तर निर्णय त भयो मन्त्रिपरिषद्बाट त्यसको कार्यान्वयनमा चैं इमानदारिताको जरुरी छ । इमानदारिताको जरुरी चैं कार्यान्वयनमा सरकारी निकायले त गरेका छन् त्यो देखिन्छ । तर दल र दलको नेतृत्वलाई हामीले कसरी यो आचारसंहिताभित्र पार्ने? कसरी यो अनुशासन कायम गर्ने? भने एउटा ठुलो चुनौती छ । जसमा संसद अलिकति जागरुक हुने मैले देख्छु ।

दोस्रो मैले अनुभव गरेको के रह्यो भने विकास साहयतासम्बन्धी सम्झौता र समन्वयमा परराष्ट्र मन्त्रालयको संलग्नता देखिँदैनँ । अहिले जति पनि देशबाट हामीले विकासका आयोजनाहरू ल्याउछौं । यसमा सम्बन्धित मन्त्रालय र अर्थमन्त्रालयको मात्रै संलग्नता देखिन्छ । यसले के हुँदो रहेछ । भनेदेखि यहाँका नियोगका प्रमुखहरू आएर परराष्ट्र मन्त्रीलाई

भन्ने यो आयोजना यहाँ आएर अड्केको छ । यो आयोजना कम्प्टिल हुन लागेको छैन । यो आयोजनामा यस्तो समस्या छ भनेर परराष्ट्र मन्त्रीलाई भन्ने परराष्ट्र मन्त्रालयले संलग्नता नै छैन । परराष्ट्र मन्त्रालयको कसरी स्पोर्ट गर्ने? यो समस्या रैछ । यो समस्यालाई समाधान गर्नको लागि मन्त्रिपरिषद्मा हामीले फेरि पनि यो कुरा राख्यौं । कि परराष्ट्र मन्त्रालयको अनिवार्य संलग्नता जरुरी हुन्छ विकासका आयोजनाहरू नेगोसिएट गर्ने प्रक्रियामा परराष्ट्र मन्त्रालयको अनिवार्य संलग्नता राख्न पर्छ भन्यौं र त्यो पास पनि भयो तर यहाँ पनि फेरि इमानदारिपूर्वक कार्यान्वयनको चैं जरुरी छ र यसमा पनि निग्रानीको संसदको निग्रानी जरुरी छ भनेर मैले राख्न चाहें । अन्तरमन्त्रालय समन्वय र फलोअप अनुगमनको अभावमा धेरै विकासका आयोजनाहरू अलपत्र परेका छन् । एउटै उदाहरण दिन्छु म एउटा मन्त्रालयले समयमा काम सकियो तर प्रतिवेदन नबुझाउँदाखेरि करिब करिब १ अरब जति घाटा भा' छ हामीलाई । विदेशीको पैसा आउने आउन नसक्ने हामीले सरकारले खर्च गरिसकेको यस्तो खालको अवस्था पनि छ । त्यहाँ समन्वयको एकदमै धेरै जरुरी देखेको छौं र लिस्ट बनाएर हामीले चाहिँ कहाँ कहाँ यस्तो अप्ठ्यारो परेको छ । लिस्ट बनाएर फलोअप पनि गर्दै छौं । परराष्ट्र मन्त्रालयको म्यान्डेट नभएकोले यो अलिक अप्ठ्यारो देखिएको छ ।

अब अर्को आयो परराष्ट्रले गर्ने काम भनेको बहुपक्षीय सम्बन्ध । बुहपक्षीय सम्बन्धको सुधारमा एकदम खुसीसाथ मैले भन्न पर्छ । नेपालको परराष्ट्र मन्त्रालयको टिम काम गर्ने कर्मचारीको टिम चैं मैले निकै धेरै बलियो पाएँ । हाम्रा यूएनमा भैरहेका हाम्रा सहभागिताहरू हेर्दाखेरि हामीले गर्ने पोजिसनिङहरूमा छलफलहरू हेर्दाखेरि निकै धेरै राम्रो पाएको छु । तर मेरो फोकस कहाँ रह्यो योबिचमा भन्दाखेरि दक्षिण एसिया सहयोग सङ्गठन सार्क धेरै सुसुप्त अवस्थामा बसिरहेको थियो । यसलाई कसरी सुचारु बनाउने भन्ने हिसाबमा धेरै नै काम हामी सुरु गयौं । मेरो श्रीलङ्का भिजिटमा नै मैले धेरै परराष्ट्र मन्त्रीहरूसँग भेटेर त्यो विषयमा छलफल पनि गरें मन्त्रालयको टिम पनि परिचालन भयो र यसले गर्दाखेरि चाँडै नै अब यो टुङ्गिसकेको छैन । तर चाँडै नै हामी सार्कलाई अझै गतिशील बनाउनको लागि केही प्रगति गर्ने छौं र त्यो परिणाम चाँडै नै आउँछ भनेर मैले यहाँहरूलाई सुनिश्चित गराउन चाहन्छु । यूएनमा हाम्रा बिचमा उपस्थितिहरू धेरै राम्रा नै भएका छन् । त्यसमा हामीले केही चुनौतीहरू देखिरहेको अवस्था अहिले छैन । अब पाँचौं भनेको हाम्रो नियोगहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने कुरा हो । त्यसमा चैं एउटा हामीले सैद्धान्तिक रूपमा हामीले मानेको सिद्धान्त के हो भने सकेसम्म हाम्रो ४० ओटा नियोगमा नियोग प्रमुखहरूको ठाउँ खाली हुनुहुँदैन । खाली राख्नुहुँदैन । त्यो भएर त्यतातिर हामीले काम गर्नुपर्छ अहिले भर्खरै ७ ओटा नियोगहरू खाली

हुने यो महिनाभित्रै खाली हुँदै छ । र यो क्यारियर डिप्लोम्याटबाट परराष्ट्रबाटै कर्मचारीहरू लगेर परिपूर्ति गर्नुपर्ने भो मन्त्रिपरिषद्मा हामीले त्यसको लागि प्रस्ताव पठाइसकेका छौं । त्यसको निर्णय हुन बाँकी छ सायद अब यो महिनाभित्रै हामीले त्यो पनि परिपूर्ति गरिसक्छौं होला ।

नियोगहरूको काम प्रभावकारिताको हिसाबमा विशेष गरीकन आर्थिक कूटनीतिक एउटा एकदमै नेग्लेटेट विषय रहेछ । जसलाई हामी धेरै काम गर्नुपर्ने देखिन्छ । अनि अर्को सार्वजनिक कूटनीति र पब्लिक डिप्लोम्यासी छ नि । त्यो पब्लिक डिप्लोम्यासीमा हामीले थुप्रै काम गर्नुपर्ने देखिन्छ । यसमा मैले देखेको चाहिँ नियोगमा पठाउनुअघि नियोगमा जाने व्यक्तिहरूलाई अभिमुखीकरण र क्षमता अभिवृद्धि एकदमै जरुरी देखिन्छ । मैले अहिले देखिराखेको के छ भनेदेखि हाम्रो नियुक्तिपश्चात् जति व्यक्तिहरू त्यहाँ जानुहुन्छ यसलाई रिवार्डको रूपमा पुरस्कारको रूपमा लिने कि जिम्मेवारीको रूपमा लिने भन्ने महत्त्वपूर्ण रैछ । जो मान्छे नियोग प्रमुख भएर जानुहुन्छ मैले जिम्मेवारी पाएको छु भनेर लिने कि मैले पुरस्कार पाएको छु भनेर लिने । त्यो प्रवृत्ति र त्यो आचरण त्यो सोच अहिलेको ..... भा'को मैले महसुस गरेको छु र हाम्रो ओरिएन्टेसनमा हामीले विशेष गरीकन ४० ओटा देशको नियोग प्रमुखहरूसँगको मेरो छलफलमा मैले निर्देशित गरेको चैं राजदूत हुन जाने भनेको पुरस्कार होइन जिम्मेवारी हो । यो जिम्मेवारीलाई पालन गर्न पर्यो । जो सुकै होस् नेपाली कुनै राजदूतवासमा आउँछ भनेदेखि उसले घर आएको महसुस गर्नुपर्छ । ऊ सुरक्षित महसुस हुनुपर्छ । उसले भोक लागेको छ भने उसले खान पाउनुपर्छ । उसलाई अभर परेका छ भने राहत पाउन पर्छ । त्यो वातावरण कसरी सुरक्षित गर्ने भन्ने विषयमा हामीले ओरिएन्टेसन गरेका छौं । अब यहाँ संसदलाई महत्त्वपूर्ण विषय चैं के हो भने यसमा हाम्रो संसदीय सुनुवाइ प्रक्रियालाई दरो बनाउनुपर्यो । राजदूतहरूको नियुक्तिमा संसदीय सुनुवाइ प्रक्रिया दरो हुन जरुरी छ । त्यो सोच, यो व्यवहार, यो प्रवृत्ति झल्किन्छ कि झल्किन्न भन्ने देखाउन जरुरी छ । त्यसैकारण मैले यो कुरा ल्याउन थालेको हो ।

अब दुइटा मात्रै कुरा छ । जुन कुरा चाहिँ सुरु भएका छन् तर अहिले हामीले टुङ्गोमा पुग्न सकिराखेका छैनौं । त्यसमा एउटा भनेको सगरमाथा संवाद । सगरमाथा संवाद एउटा यस्तो फोरम हो जसले नेपाललाई विश्वमा चिनाउनको लागि नियमित रूपमा मद्दत गरिरहन्छ । यो सगरमाथा सम्वाद पहिला हामीले अर्गनाइज गर्ने भनेको थियौं । कोभिडका कारण रोकिएको थियो । अहिले फेरि हामीले चाहिँ त्यसलाई सुरुवात गर्नको लागि नीतिगत निर्णय गरेका छौं ।

अब यो चाहिँ चाडै नै सचिवालयबाट नयाँ सचिवालय स्थापना भएर यसलाई नियमित रूपमा अगाडि बढाउनुपर्छ भन्ने कुरा हो । त्यसमा हामी अगाडि लैजान्छौं ।

अर्को चाहिँ छिमेकिहरू बिचको सम्बन्ध र शक्ति सम्बन्ध यसमा सुधार गर्नको लागि चाहिँ ४० दिनको अवधि असाध्यै कम हो । अझै पनि काम गर्दै जानुपर्छ । यस विषयमा तर यसमा पनि के हो भने हामीले धेरै हल्ला नगरीकन कूटनीतिक संयन्त्रको परिचालन गरेर दुई पक्षीय र यो शक्ति सम्बन्ध । दुई पक्षीय दुइओटा देशहरू बिचको शक्ति सम्बन्धमा सुधार ल्याउन सक्छौं । त्यही भएर कूटनीतिक पहलहरू भइराखेका छन् भनेर यहाँहरूलाई सुनिश्चित मैले गराउन चाहन्छु ।

विश्व स्वास्थ्य सङ्गठनको Asia Desk मा नेपाली प्रतिनिधिहरूको Nominate भएको छ । नेपाली प्रतिनिधिको उम्मेदवारीको Nominate भएको छ । यसमा पनि हामीले कूटनीतिक पहल गरिराखेका छौं । र नेपाललाई यो ठाउँमा उभ्याउनको लागि जिताउनको लागि हाम्रो कूटनीतिक प्रयास भइराखेको कुरा पनि मैले यहाँहरूलाई जानकारी गराएँ । यसरी छोटो अवधिमा धेरै कामहरूमा हात हालेका छौं । धेरै कामहरू चाहिँ यो low hanging Fruit भन्छ । सकिन लागेका तर थोरै थोरै इर्फोट गर्दाखेरि परिणाम आइरहने, आइहाल्ने खालका कामहरूमा मेरो ४० दिनको फोकस रहेको छ । अब कसरी अगाडि बढिन्छ भन्ने कुरा त हामी हेर्दै नै जान्छौं । मैले यो सानो रिपोर्टिङ पनि यहाँहरूलाई गर्न जरूरी ठानेर आजलाई मैले यो समय लिएको हो । सम्माननीयज्यू, यहाँलाई एकदमै धेरै हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**(१२:५६ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौडयालले दिनुभएको वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले प्रश्न सोध्न चाहनुहुन्छ भने अब म समय उपलब्ध गराउँछु । प्रश्नकर्ता माननीय सदस्यहरूले विषयवस्तुमा केन्द्रीत रही प्रश्न सोध्न सक्नुहुनेछ । उक्त वक्तव्यका सम्बन्धमा प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रश्नकर्ता प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय भुवन वहादुर सुनार ।

**(१२:५७ बजे)** **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, जुन हाम्रो परराष्ट्र मन्त्रीज्यूको विदेश भ्रमण स्थगित भएको कुरो

चाहिँ उहाँको लामो रिपोर्टपछि पनि थाहा भयो । तर सञ्चार माध्यमहरूले के भनिरहेको छ भने यो फागुनको १५ देखि चैतको १३ गतेसम्म हुने लामो भ्रमण भ'को र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनलाई असर पर्ने भ'कोले उहाँको चाहिँ माननीयज्यूको भ्रमण स्थगित गरिएको हो भन्ने आइराखेको छ । यो के हो? अध्यक्षज्यूमार्फत मन्त्रीज्यूबाट जानकारी माग गर्छु । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१२:५८ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- माननीय मन्त्रीज्यूलाई धेरै धन्यवाद छ । एकदमै राम्रो विशेष गरी परराष्ट्र मन्त्रालयले गर्ने काम, कर्तव्यका बारेमा संसदलाई जानकारी गराउनुभा' छ । सम्भवतः यसरी परराष्ट्र मन्त्रीहरूले संसदमा मन्त्रालयले गर्ने क्रियाकलापको बारेमा यसरी जानकारी गराउँदैनन् होला । है मेरो जानकारीमा भएसम्म । एकदम छोटो समयमा भएका कामकारबाहीका बारेमा जानकारी गराउनुभा' छ । फेरि पनि धन्यवाद ।

एउटाः दुई महिना अगाडि मैले द काठमाडौं पोष्टमा एउटा न्युज पढेको थिएँ । सम्माननीय अध्यक्षज्यूमार्फत मेरो परराष्ट्र मन्त्रीज्यूलाई एउटा प्रश्न छ । विशेष गरी यो रसिया र युक्रेनको जुन युद्ध भइराखेको छ । यो नेपालबाट मानव तस्करहरूले विशेग गरी महिलाहरूलाई भारत हुँदै युक्रेनमा लगेको भनेर एकदम एकदमै समाचार पहिलो पृष्टमै व्यानरखालको न्यूज छापेको थ्यो । यो विषयमा अलिकति मैले जानकारी लिन चाहन्छु । सम्माननीय अध्यक्षज्यूमार्फत परराष्ट्र मन्त्रीज्यूलाई मेरो प्रश्न छ । यो युद्धग्रस्त मूलुकमा गएर एकदमै लथालिङ्ग गर्ने र दिल्लीमा लगेर दुई तीन महिनासम्म महिलाहरूलाई त्यहाँ राखेको भनेर यहाँ समाचार ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

(१२:५९ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, म परराष्ट्र मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । आज संसदमा सम्बोधन गर्ने क्रममा जेनेभाको भ्रमण स्थगन भएको कारणले मात्र भयो कि भन्ने मलाई लाग्यो । यो जानकारी योभन्दा अगाडि किन दिन उपयुक्त ठानिएन? परराष्ट्रसम्बन्धी थुप्रै समस्याहरू यहाँ सोधिएका, प्रश्न गरिएको

सांसदहरूको जवाफहरू किन दिने प्रयत्न गरिएन? त्यसै गरी अनलाइन फर्म भर्नाका लागि लिङ्क नखुल्ने तर साइवरले चाहिँ पाउने यो कसरी भयो? अनि एउटा पासर्पोटको समय लिन पनि महिनौं लाइनमा बस्नुपर्ने यो विडम्बना कहिलेसम्म हुन्छ? म प्रश्न गर्न चाहन्छु ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय कमला पन्त ।

(१३:०० बजे) **<u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>**:- ..... (**<u>सम्माननीय अध्यक्षः</u>**- माइक प्रयोग गर्नुहोस् माननीयज्यू) सम्माननीय अध्यक्षज्यूमार्फत मैले सरकारको पनि केमा ध्यानाकर्षण । यस्तो धेरै कुराहरूको जानकारी हुँदो रहिछ । परराष्ट्र मन्त्रालय कूटनीतिक सम्बन्ध विस्तार गर्ने एउटा महत्त्वपूर्ण ठाउँ पनि हो । यसको जिम्मेवारी पनि हो । कूटनीतिक सम्बन्धमा यति धेरै सुधार आइसकेको कुरा गर्नुभो' परराष्ट्र मन्त्रीज्यूले र सबै मन्त्रीहरूलाई कम्तीमा पनि कति दिनको समय दिन सकिन्छ । जानकारी यसरी नै हाउसलाई भए राम्रो हुन्थ्यो भन्ने मैले आग्रह पनि गरें । र म एउटा प्रश्न इ-पासपोर्ट कुरा जुन समस्याको रूपमा र'को थियो । विदेशमा बस्ने नेपालीहरूको एकदमै यो समस्या थियो । यसको समाधान गर्दै छु भन्नुभा'को छ परराष्ट्र मन्त्रीज्यूले टुङ्गिसक्यो कि अझै बाँकी छ कि? यसको समाधान जरूरी छ भन्ने आवाजहरू पनि उठेका छन् । यसको बारेमा म स्पष्ट हुन चाहन्छु । धन्यवाद ।

(१३:०२ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, अब म माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौडयाललाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

(१३:०२ बजे) **<u>माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौडयालः</u>**- हस्, धन्यवाद सम्माननीयज्यू, प्रश्नकर्ता माननीयज्यूहरूलाई पनि हार्दिक धन्यवाद । पहिलो कुरा राष्ट्रपतिको चुनाव मार्च ९ मा हो म चाहिँ यो भ्रमण सकेर मार्च ७ मा आउने प्लान थियो । अनि प्रधानमन्त्री चाहिँ दोहाबाट मार्च ६ मा फर्किने प्लान थियो । त्यसले गर्दाखेरि राष्ट्रपतिको चुनावमा हाम्रो उपस्थिति रहने सुनिश्चित गरेरै हामी हिँड्न लागेका थियौं । पछि चाहिँ प्रधानमन्त्रीज्यूले चाहिँ म तयारी गर्नुपर्ने भ'को भएर म जान नसक्ने भई उपप्रधानमन्त्रीलाई पठाउँछु भनेर मलाई फोनमा जानकारी दिनुभा'को हो हिजो बिहान । मेरो त म फर्केर आउने नै कुरा थियो । त्यो भएर यो यसै स्पष्टीकरण दिएँ मैले ।

नेपालबाट मानव तस्करहरूले महिलाहरूलाई विदेश लगेको भन्ने कुरा चाहिँ रसियाको मलाई त्यस्तो धेरै अहिले थाहा भएन चेक गर्नै पर्छ माननीयज्यू तर यस्तै खालको सूचना मैले दिल्लीबाट चाहिँ पा'को हो । बाह्र जना महिलाहरूलाई दिल्लीमा थुनेर राखिएको अवस्था थियो । मानव तस्करहरूले लगेर अनि त्यसमा चाहिँ हामीले त्यहाँको नियोगलाई फोन गरेर त्यहाँको नियोगबाट श्रमसहचारी गएर उद्धार गरेर नेपाल पठाइसकेको अवस्था पनि छ । बाह्र जनालाई नेपाल पठाइएको र तिनीहरूको नेम लिष्टसहित यहाँ आएर पुगिसकेको सूचना पनि हामीले लिएका छौं । त्यसले गर्दा यो चाहिँ मैले अगिनै भने नि राहत उद्धार गर्नुपर्दो रहिछ परराष्ट्रले भनेर त्यसको एउटा उदाहरण यो पनि हो । यस्तो धेरै आउँदो रहिछ । यो मेरो पनि अनुभव हो ।

अनि संसदमा यस्तो सम्बोधन पहिला किन भएन भन्ने कुरामा चाहिँ जहिले पनि मलाई राष्ट्रिय सभामा आएर आफ्ना कुरा राख्न त म लागेको कि तर यसको परिणाम आएपछि जान्छु । यसको परिणाम आएपछि जान्छु भनेर परिणाम पर्खिंदा पर्खिंदै समय गएको पनि हो । र अब २ महिना चाहिँ कम्तीमा सकेपछि चाहिँ आएर प्रस्तुत गर्छु भन्ने एउटा मनमा लागेको पनि थियो यो पेरियोडिक रूपमा प्रस्तुत हुनुपर्छ भन्ने कुरा म स्वीकार गर्छु ।

त्यसपछि अब पासपोर्टको लिङ्कहरू नखुल्ने चाहिँ हाम्रो सिस्टमको समस्या हो । त्यसले गर्दा यो सिस्टमलाई स्ट्रेन्थेन गर्नको लागि टेन्डर प्रक्रियामा जानुपर्ने रहिछ फेरि । केही उपकारणहरू पनि ल्याउनुपर्ने, त्यो जुन सिस्टम हामीले स्टाब्लिस गरेको छौं । त्यो सिस्टमको क्यापासिटी र अहिलेको डिमान्ड मिल्दैन । त्यो मिलाउनको लागि चाहिँ हामीले सिस्टमलाई नै ठूलो बनाउनुपर्ने रहिछ । र त्यसको लागि हामी अहिले चाहिँ टेन्डरमा गएका छौं । तर Short term Measure चाहिँ गरेका छौं भनेदेखि सप्पैले एकैचोटि भोलि कै लागि डेट लिन्छुभन्दाखेरि सिस्टम ह्याङ हुँदो रहिछ । त्यसलाई चाहिँ हामीले सप्पै जिल्लामा र काठमाडौं डिपार्टमेन्टमा पनि तिस दिनको म्याद राखेर खोल्देपछि अहिले धेरै सहज भएको छ । अहिले चाहिँ तिस दिनको म्यादमा चाहिँ जहिले पनि उहाँहरूले Appointment लिन पाउने अवस्था चाहिँ हामीले बनाएका छौं । तर सिस्टम बेला बेला अहिले पनि ह्याङ हुन्छ । त्यो अवस्था हो । तर यसको लागि टाइम पनि लाग्छ ।

अनि विदेशमा बसेकाको पासपोर्टको समस्यालाई मैले अगि पनि छोटो रूपमा भनें । विदेशमा बसेको नेपालीहरूको धेरै ठुलो समस्या थियो । विशेष गरीकन पोर्चुगलको त हामीले नै एडेस्स नै गरिसक्यौं । पोर्चुगलका मान्छेहरूले नियर वाई जुनसुकै कन्ट्रीबाट पनि उहाँहरूले पासपोर्टको सुविधा लिन सक्नुहुन्छ । र काठमाडौंबाट दुई जना र फ्रान्सबाट एक जना गरेर

तीन जनाको टोली उक्त उपकरणसहित हामीले पठाउने निर्णय पनि गरिसकेका छौं । त्यहाँ पत्र पनि गइसकेको छ । त्यसले गर्दाखेरि त्यो समस्या समाधान हुन्छ ।

अर्को चाहिँ अब एउटा देशबाट अर्को देश पासपोर्ट बनाउनै जानुपर्ने अथवा एउटा सहरबाट अर्को सहर दिनभरि जानुपर्ने बाध्यता छ अहिले । त्यसैलाई चाहिँ निराकरण गर्नको लागि महावाणिज्यदूतहरूलाई परिचालन गर्ने भनेर सैद्धान्तिक निर्णय भ'को छ । तर महावाणिज्यदूतलाई परिचालन गर्ने भनिसक्दाखेरि हामीसँग उपकरण चाहियो । उपकरण चाहिँ यहाँ Extra यहाँ छुँदै छैन । त्यो भएपछि फेरि हामी टेन्डरकै प्रक्रियामा गएर अल्झेका छौं । टेन्डरको पनि स्वीकृति भइसकेको छ । जाने भनेर निर्णय भइसकेको छ । अब प्रक्रियामा गएर यो समस्या पनि समाधान हुन्छ । मैले अगि नै भने केही Short Term Measure हरू छन् । जसको चाहिँ उपलब्धि देखिन्छ । Long Term Measure हरू हामीले चाहिँ सुरु गरेका छौं । निर्णय गरेका छौं नीतिगत रूपमा । त्यसको चाहिँ प्रभाव देखिनको लागि समय लाग्छ । किनभने प्रक्रिया पुऱ्याउनुपर्ने आवश्यकता छ । मैले यति नै यहाँहरूको प्रश्नको यति नै जवाफ दिन्छु । धन्यवाद ।

**(१३:०६ बजे) सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । म उक्त पत्रहरूको बेहोरा जानकारी गराउँछुः-

माननीय रक्षा मन्त्री हरिप्रसाद उप्रेती मित्रराष्ट्र भारतको बेङ्गलोर, कर्नाटकमा सञ्चालन हुने "Fourteenth edition of Aero India 2023" र "Speed defence ministers conclave 2023" मा सहभागी हुन मिति २०७९ माघ २९ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री पदम गिरी स्विट्जरल्याण्डको मोन्ट्रिक्समा हुने "Fifth global ministerial summit on patient safety" विषयक सम्मेलनमा सहभागी हुन मिति २०७९ फागुन १० त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार माननीय

प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री डा. विमला राई पौड्यालले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शंकरदास बैरागी)
मुख्य सचिव

माननीय सदस्यहरू, यस सभाका माननीय सदस्य कुमार दसौदीलाई राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा मनोनयन गरेको छु । माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाएको) ।

माननीय सदस्यहरू, राष्ट्रिय सरोकार तथा समन्वय समितिका लागि प्रस्तावित नामलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाललाई "विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन ०७८/७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१३:०८ बजे) **विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. बेदुराम भुसाल**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ अनुसार प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र अर्थात् असोज मसान्तसम्म विषयगत समितिले वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको र दुवै सभाको अगिल्लो अधिवेशन असोज महिनाको पहिलो हप्तामा अन्त्य भएको हुँदा उक्त समयमा पेस हुन नसकेको विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन आज पेस गर्न लागिरहेको छु ।

समितिले निर्धारित कार्यक्षेत्रअन्तर्गत विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानका कार्यहरू सम्पादन गर्ने क्रममा लोकतान्त्रिक विधि अर्थात् सबै पक्षको सहयोग, सहकार्य, समन्वय तथा सहमतिलाई प्राथमिकतामा राख्दै आएको छ ।

यस अवधिमा समितिका कुल ८७ वटा बैठक बसेका छन् । अधिकाङ्श बैठकहरू विधेयक व्यवस्थापनमा केन्द्रित थिए । यस अवधिमा नौवटा विधेयकसम्बन्धी प्रतिवेदन पारित गरेको छ । ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धानअन्तर्गत समितिले तीनवटा

प्रचलित ऐनको कार्यान्वयन मापन गरेको छ । साथसाथै संसदमा प्रस्तुतिका लागि आउने विधेयकहरूको संरचनामा रहनुपर्ने विषयवस्तुहरूका सम्बन्धमा केही कमी, कमजोरी पाइने गरेको र दर्ता गर्ने क्रममा सचिवालयले पनि लचकता अपनाउँदै आएको अनुभूति भएको सन्दर्भमा र संसदीय निगरानीअन्तर्गत समितिका कार्यहरूमा एकरूपता ल्याउने सम्बन्धमा पनि कार्य गरी सचिवालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई सुझाव सिफारिस गरिएको छ । समितिका कार्यहरूमा माननीय सदस्यहरू र सचिवालयको सक्रिय सहभागिता रहने गरेको छ ।

समितिका समग्र कार्यमा औपचारिक, अनौपचारिक, प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने माननीय मन्त्रीज्यूहरू, विधेयकमाथि संशोधन प्रस्तावकर्तालगायत समितिका माननीय सदस्यहरू, विभिन्न मन्त्रालयका सम्बद्ध कर्मचारीहरू, विभिन्न विषयका विज्ञ विद्वान महानुभावहरू, समिति सचिवालयसहित संघीय संसद सचिवालयका कर्मचारीहरूलगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१३:११ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा "पार्वती" लाई "राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

**(१३:१२ बजे)** **<u>राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति माननीय श्री दिल कुमारी रावल थापा "पार्वती"</u>**:- सम्माननीय अध्यक्ष महोदय, संसद नागरिकको प्रतिनिधिको आधारमा कानुन निर्माण र सरकारको नियमित एवम् आकस्मिक कामकारबाहीको निरन्तर निगरानी, अनुगमन, सहजीकरण र मार्गदर्शन गर्दै आवश्यक नियन्त्रणसमेत गर्ने निकाय हो ।

नेपालको संविधान धारा ९७(१) मा प्रतिनिधि सभा र राष्ट्रिय सभाले संघीय कानुनबमोजिम समिति गठन गर्न सक्ने व्यवस्था भएबमोजिम राष्ट्रिय सभा नियमावली, २०७५ नियम १४७ को उपनियम (१) मा सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए, गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन

राष्ट्रिय सभाअन्तर्गत गठित चारओटा विषयगत समितिमध्ये राष्ट्रिय सरोकार तथा समन्वय समिति एउटा महत्त्वपूर्ण समिति रहेको छ।

समितिको कार्यक्षेत्रअन्तर्गत तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय सम्पदा, मानव अधिकार र परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयनको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोगसम्बन्धी विषय रहेको छ ।

राष्ट्रिय सभामा विषयगत समितिहरू गठनपश्चात् २०७५ साउन २२ गते यस समितिको बसेको पहिलो बैठक थियो । समितिको आर्थिक वर्ष ०७५/०७६, ०७६/०७७, ०७७/०७८ र ०७८/०७९ को वार्षिक प्रतिवेदन राष्ट्रिय सभामा पेस भइसकेको छ ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ समितिले सम्पादन गरेका सम्बन्धमा सभामा प्रतिवेदन पेस गर्ने कानुनी व्यवस्था रहेको छ । सोही नियमको उपनियम (४) मा विषयगत समितिको आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले सम्पादन गरेका कामकारबाही समेटी तयार पारेको प्रतिवेदन सभामा पेस गर्नुपर्ने र उपनियम (५) मा बैठकमा पेस भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने भनी उल्लेख छ । उपनियम (६) मा समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए, नभएको अनुगमन र मूल्याङ्कन गरी सोको प्रतिवेदन बैठकमा पेस गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । सोही नियमको उपनियम (७) र (८) मा उक्त प्रतिवेदनमा छलफल गरियोस् भनी सम्बन्धित समितिका सभापतिले सभाअध्यक्षसमेत प्रस्ताव गरेमा र सम्माननीय अध्यक्षज्यूले अनुमति दिएमा सभामा छलफल हुने र छलफलमा उठिएको प्रश्नहरूको जवाफ सम्बन्धित मन्त्रीले दिनुपर्ने व्यवस्था नियमावलीमा रहेको छ ।

उक्त कानुनी व्यवस्थाअन्तर्गत समितिले दिएको निर्देशनको कार्यान्वयनको अवस्था प्रवृत्ति विश्लेषण गरी निर्देशन कार्यान्वयनमा देखिएको समस्या तथा चुनौती पहिचान गरी भावी दिशा स्पष्ट पार्न समितिले सभामा पेस गरेका प्रतिवेदनहरूमध्ये आर्थिक वर्ष ०७५/०७६, ०७६/०७७ र ०७७/०७८ का तीनओटा वार्षिक प्रतिवेदन कार्यान्वयन भए, नभएको अनुगमन एवम् मूल्याङ्कन गरी सो प्रतिवेदन राष्ट्रिय सभामा पेस गर्ने प्रयोजनको लागि समितिले मन्त्रालय, आयोग र निकायमा दिएको निर्देशनको कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयन नभएको भए सोको कारण र कार्यान्वयनको लागि गरिएका प्रयाससमेत समेटी विवरण उपलब्ध गराउनका लागि पत्राचार गरिएको थियो । निर्देशन कार्यान्वयन निकायहरूबाट प्राप्त निर्देशन कार्यान्वयनको अवस्थाको जानकारी सम्बन्धित विभागीय माननीय मन्त्रीहरू, सम्बद्ध पदाधिकारी, विज्ञहरूसँग

भएका छलफल, राष्ट्रिय गौरवका आयोजनाहरूको स्थलगत अनुगमन, समितिका अन्तरक्रिया र समितिका सदस्यहरूबिच भएको छलफलको निष्कर्ष समेटी राष्ट्रिय सरोकार तथा समन्वय समितिले वार्षिक प्रतिवेदनको कार्यान्वयन अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन, २०७९ तयार पारेको हो । समितिले निर्देशनको कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयनमा देखिएका समस्या, कारणको पहिचान गरी प्रभावकारी कार्यान्वयनको लागि सुझाव तथा सिफारिस यस प्रतिवेदनमा समेटेको छ ।

सम्माननीय अध्यक्ष महोदय, हालसम्म समितिले दिएका निर्देशन कार्यान्वयन भए, नभएको बारेमा समितिले आफै गम्भीर बनेको छ साथै संसदीय निर्देशन केवल नैतिक बन्धन मात्र होइन यो कानुनी बाध्यता पनि हो भन्ने कुराको अनुभूत दिलाउने कानुनी व्यवस्थाको अपरिहार्यता रहेको यस समितिले ठहर गरेको कुरा सम्माननीय अध्यक्षज्यूमार्फत सभासमक्ष निवेदन गर्दछु।

समिति गठनको सुरुवाती वर्षहरूमा आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय गौरवको आयोजनाहरू, पिछडिएको क्षेत्र, समुदाय जस्ता विषयहरूलाई प्रमुख प्राथमिकता दिई स्थलगत अध्ययन अन्तरसंवाद, अन्तरक्रिया, अनुगमन तथा छलफल गरेको थियो । समितिले आफ्नो कार्यक्षेत्र र जनसरोकारको समसामयिक विषयहरू जस्तैः एमसीसी, वित्तीय संघीयता, गुठी जग्गाको स्वामित्व र क्षेत्राधिकार, लैङ्गिक हिंसा, सामूहिक तथा व्यक्तिगत आत्महत्या, राष्ट्रिय जनगणनाको तयारी सम्बन्धमा छलफल गरी सरकारको निगरानी समितिले गरिरहेको छ भन्ने सन्देश दिएको थियो भने आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने विषयबस्तुसँग सम्बन्धित विषयगत मन्त्रालय तथा विज्ञसँग छलफल गरी स्थलगत रूपमा अनुगमन गरी सरोकारवाला र विज्ञसँग गरिएको अन्तरक्रिया अन्तरसंवाद कार्यक्रममार्फत प्राप्त विवरण तथा पृष्ठपोषणको आधारमा निर्देशन दिएको थियो ।

समितिले मिति २०७५/०४/२२ देखि २०७८/०३/३१ सम्म ३ वटा वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकार १५ ओटा मन्त्रालय ७ ओटा अन्य संवैधानिक आयोग र राष्ट्रिय पुनर्निर्माण प्राधिकारणलाई महत्त्वपूर्ण निर्देशन दिएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ४३ बुँदामा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई २७ बुँदामा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई २२ बुँदा तुलनात्मक रूपमा बढी निर्देशन दिएको थियो भने अन्य निकायलाई ४८ बुँदामा निर्देशन दिइएको थियो । विषयगत रूपमा कर्मचारी समायोजन, राज्यको तिनै तहबिच कानुन निर्माण, योजना छनोट र बजेट विनियोजनमा समन्वय र सहकार्य गर्न राष्ट्रिय गौरवका आयोजना, पछाडि परिएको क्षेत्र, कोभिड-१९ सङ्क्रमण रोकथाम, पहिचान, निदान, उपचार र नियन्त्रण तथा खोप व्यवस्थापन अन्य संवैधानिक आयोग, प्राकृतिक प्रकोप,

बजार अनुगमन र यातायात व्यवस्थापन, भूकम्पबाट भत्किएका संरचनाहरूको पुनर्निर्माणलगायतका जनसरोकार विषयमा नेपाल सरकारको सम्बन्धित निकायलाई निर्देशन दिएको थियो । कोभिड-१९ सङ्क्रमण, रोकथाम, निदान, उपचार र नियन्त्रण तथा खोप व्यवस्थापनसँग सम्बन्धित निर्देशनहरू धेरै कार्यान्वयन भएको थियो भने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बुढीगण्डकी जलविद्युत आयोजना सञ्चालनसँग सम्बन्धित निर्देशनहरू पटक पटक ताकेता भए पनि कार्यान्वयन भएको छैन । कार्यान्वयनको चरणमा रहेका कतिपय निर्देशनहरू आंशिक कार्यान्वयन भएको देखिन्छ ।

समितिको १४० ओटा बुँदामा दिएको निर्देशनमध्ये ७० ओटा बुँदामा दिएको निर्देशन अथवा ५० प्रतिशत निर्देशन आंशिक कार्यान्वयन भएको देखिन्छ । ती निर्देशन पूरा कार्यान्वयन नभए पनि कार्यान्वयनको चरणमा रहेको देखिन्छ । त्यसै गरी समितिले ५४ ओटा बुँदामा दिएका निर्देशन अथवा ३८.६ प्रतिशत निर्देशन कार्यान्वयन भई यसबाट सरकारको कामलाई सहजीकरण भएको देखिन्छ । कार्यान्वयन भएका निर्देशनमध्ये पनि केही निर्देशन ढिलो कार्यान्वयन भएको अवस्था छ । १६ ओटा बुँदामा दिएका निर्देशनहरू अथवा ११.४ प्रतिशत निर्देशन सरकारले कार्यान्वयन नगरेको देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, समितिको कार्यान्वयन नभएका केही निर्देशनहरू पुनः निर्देशन दिन अझै पनि सान्दर्भिक देखिन्छ । संघीय निजामती सेवा विधेयक पेस गर्न, स्थानीय र प्रदेशमा आवश्यक कर्मचारी कमी नहुने गरी व्यवस्थापन गर्न, दीर्घकालीन रूपमा काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन गर्न, साझा अधिकार सूचीसँग सम्बन्धित कानुन निर्माण गर्न, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकाससम्बन्धी विधेयक पेस गर्न, भौतिक पूर्वाधार विकास गर्नुभन्दा पहिला भौगर्भिक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायको अनुमति लिने व्यवस्था कार्यान्वयन गर्न मेलम्ची खानेपानी आयोजनामा भएको दुर्घटनाको मानवीय क्षतिसमेत मूल्याङ्कन गरी क्षतिपूर्ति दिने व्यवस्था गर्न । काठमाडौं, तराई- मधेश दुर्तमार्ग आयोजनाको खोकना क्षेत्रको जग्गा अधिग्रहण विवाद समाधान गर्न, सक्रिय रूपमा निरन्तर बजार अनुगमन गर्न, सर्वसाधारणले थाहा पाउने गरी पशुपतिनाथको भेटी तथा अन्य सम्पत्ति पारदर्शी गर्न र जग्गा भाडा समयानुकूल मूल्याङ्कन गर्न पुनः निर्देशन दिनुपर्ने देखिएको छ । त्यसै गरी प्रशासनिक संघीयता, वित्तीय संघीयता र तीन तहबिचको अन्तरसम्बन्धसम्बन्धी विषयमा संघीयता कार्यान्वयन अध्ययन अनुगमन संसदीय विशेष समितिको निर्देशन कार्यान्वयनको निरन्तर Follow Up र सोसम्बन्ध राष्ट्रिय गौरवका आयोजना अध्ययन तथा अनुगमन उपसमितिले सिफारिस तथा सुझावअनुसार समितिबाट दिएका निर्देशनसमेत निरन्तर Follow Up गरी समितिमा छलफल गरी

सरकारको ध्यानाकर्षण गराउनुपर्ने देखिएको छ । यसबाट निर्देशन कार्यान्वयनमा तदारुकता आई सरकार संसद र संसदीय समितिहरूको प्रभावकारिता बढ्ने देखिन्छ ।

समितिको वार्षिक प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन नहुनुमा समस्या तथा कारणहरू समितिले पहिचान गरेको छ । समितिहरूबिच कार्यक्षेत्रसम्बन्धी विषयमा दोहोरोपना तथा अन्तरसम्बन्धी विषयमा उचित समन्वयबिना एउटै विषयमा विभिन्न समितिले फरक फरक निर्देशनसमेत दिने गरेको हुँदा कार्यान्वयनमा द्विविधा र अलमल भएको र सरकारले आफूलाई सहज हुने निर्देशन कार्यान्वयन गर्ने गरेको छ भने कतिपय अवस्थामा केही कारण देखाई निर्णय कार्यान्वयनबाट सरकार पन्छिने गरेको छ । समितिले दिएको केही निर्देशन कार्यान्वयनमा ठूलो मात्रामा आर्थिक स्रोत, जनशक्ति तथा अध्ययन आवश्यकता पर्ने तथा निर्देशन प्राप्त गर्ने निकायहरूले शीर्षकगत रूपमा बजेट छुटयाइसक्ने भएको हुनाले थप बजेट नहुँदा निर्देशन पूर्णरूपमा कार्यान्वयन हुन नसकेको, समितिले विस्तृत तथा गहन रूपमा अध्ययन गरी दिएको दीर्घकालीन असर पुर्‍याउने किसिमको निर्देशनसमेत सरकारको उदासीनताको कारण पूर्ण कार्यान्वयन नभएको, संसदीय समितिहरूले गरेको निर्णय तथा समितिले दिएको निर्देशन तथा सुझावहरू मन्त्रालय तथा निकायहरूले कार्यान्वयन गरी कार्यान्वयन हुन नसकेमा त्यसको कारणसहितको जानकारी स्वतः स्फूर्त रूपमा सभा तथा समितिमा दिनुपर्नेमा समितिले पटक पटक ताकेता गर्दासमेत पूर्ण विवरण नआउने गरेको, समितिले दिएको निर्देशन प्रगतिको अभिलेख राख्न तथा समितिसँग सम्पर्कमा रहनको लागि मन्त्रालयमा जिम्मेवार अधिकृत तोक्ने प्रचलन नहुँदा निर्देशन दिने निकाय र निर्देशन कार्यान्वयन गर्ने निकायबिच समन्वय कमजोर रहेको र संस्थागत सम्झना कायम हुन नसकेको, समितिले सरकारलाई दिने निर्देशन र निर्देशन कार्यान्वयन सम्बन्धमा विज्ञहरूको राय सल्लाहको लागि विज्ञ सम्मिलित संरचना think tank बनाउन नसकिएको कारण अध्ययन अनुसन्धानमा आधारित भएर निर्देशन कमै मात्र हुने गरेको । निर्देशन कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको लागि पर्याप्त स्रोत साधन, जनशक्ति, सूचना तथा तथ्याङ्कको कमी रहेकोलगायतको समस्या देखिएको छ ।

समितिको निर्देशन प्रभावकारी रूपमा कार्यान्वयनका लागि समितिका सुझाव र सिफारिसहरू केही प्रस्तुत गर्न चाहन्छु ।

- समितिहरूले निर्णयमा एकरूपता कायम गर्न अन्तरसम्बन्धी विषयमा एकआपसमा उचित समन्वय गरी निर्देशन दिने परम्परा अवलम्बन गर्नुपर्ने साथै अन्तरसम्बन्धी विषयमा संयुक्त बैठक संयुक्त अनुगमन गरी निर्देशन दिनुपर्ने देखिन्छ ।

- समितिको निर्देशनप्रति अपनत्वबोध सिर्जना गर्न निर्देशन कार्यान्वयन गर्ने निकायसँगको समन्वयमा अवस्था र क्षमताको सीमितताको ख्याल गरी निर्देशन दिने प्रचलनलाई थप व्यवस्थित बनाइनुपर्ने ।
- निर्देशन कार्यान्वयन भएनभएको विषयमा प्रगति विवरण ,सहित नियमित रूपमा निर्देशन कार्यान्वयन गर्ने निकायले समितिमा पठाउनुपर्ने र उक्त विषयमा आवश्यक छलफलको संस्कारको विकास गर्नुपर्ने ।
- समितिले दिएको निर्देशनहरूले थप आर्थिक दायित्व सृजना गर्नुपर्ने भएमा निर्देशन कार्यान्वयन गर्ने निकायलाई थप बजेटको व्यवस्था गर्नका लागि पनि सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने ।
- मन्त्रालयको निकाय तथा परियोजनाको जिम्मेवार पदाधिकारी छिटो छिटो सरुवा हुने अभ्यासलाई निरुत्साहित गरी निश्चित मापदण्डका आधारमा सरुवा हुने व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्ने ।
- समितिले सरकारलाई दिने निर्देशन तथा निर्देशन कार्यान्वयन सम्बन्धमा विज्ञहरूको राय सल्लाहको लागि संघीय संसद सचिवालयले संसदीय समितिहरूको कार्यक्षेत्रसँग सम्बन्धित विषयका विज्ञहरू रोष्टर तयार गर्ने अद्यावधिक गराउने र आवश्यकताअनुसार विषय , विज्ञको सेवा समितिले लिने व्यवस्था गर्न विज्ञ सम्मिलित संरचना Think Tank बनाउनुपर्ने ।
- समितिले दिएको निर्देशन कार्यान्वयनको लागि तालुक निकायले मातहत निकायलाई कार्य योजनासहित निर्देशन कार्यान्वयनको लागि पठाउने व्यवस्था गर्नुपर्ने ।
- समितिले दिएको निर्देशन कार्यान्वयनमा अन्तरमन्त्रालय समन्वय अभाव भएमा समिति अन्तरमन्त्रालय समन्वयको लागि सहजीकरण गरी समितिमा छलफल गरी निर्देशन दिने व्यवस्था गर्नुपर्ने ।
- समितिका कामकारबाहीलाई प्रविधिमैत्री गराउँदै आम नागरिकको पहुँच पुर्याउनुपर्ने ।
- मन्त्रालय र आयोगहरू संसद हेन्ड डेक्स राखुपर्नेलगायतका सुझाव सिफारिसहरू गरेका छौं ।

अन्त्यमा, समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन तथा मूल्याङ्कनको लागि अध्ययन, छलफल, अन्तरसंवाद, अन्तरक्रिया, प्रतिवेदन तयारीको क्रममा समितिलाई आफ्ना अमूल्य सुझाव प्रदान मार्गदर्शन, अभिभावकत्व एवम् हौसला प्रदान गर्नुहुने सम्माननीय अध्यक्षज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसै गरी माननीय मन्त्रीज्यूहरू,

माननीय उपाध्यक्षज्यू, समितिका माननीय सदस्यज्यूहरू, संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, सम्बन्धित मन्त्रालय, निकाय, आयोजनाका पदाधिकारीहरू सचिव, राष्ट्रसेवक कर्मचारीहरू, विषय विज्ञहरू विभिन्न सञ्चार माध्यमका पत्रकार मित्रहरू, समिति सचिवालयलगायत सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै समितिले सम्बन्धित निकायलाई दिएको निर्देशन, सुझावहरूको पूर्ण कार्यान्वयन भएमा जनसरोकारका विषयहरू सम्बोधन भई सुशासनको प्रत्याभूति हुने विश्वास गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सरोकार तथा समन्वय समितिले मिति २०७९/१०/१९ गतेको निर्णय यस सम्मानित सभासमक्ष समितिले आर्थिक वर्ष २०७५/०७६, ०७६/०७७, ०७७/०७८ को वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन मूल्याङ्कन प्रतिवेदन, २०७९ पेस गरेको छु । धन्यवाद ।

**(१३:२५ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल फागुन २९ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल फागुन २९ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १३:२५ बजे ।**